# बार्षिक समिक्षा प्रगति प्रतिवेदन

## आ.व २०८२-०८३

**जैमिनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश, नेपाल

मितिः श्रावण २२, २०८३

CamScanner

**१. पृष्ठभूमी:-**

स्थानीय तहबाट सञ्चालन गरिएका सबै प्रकारका आयोजना र कार्यक्रमहरुको प्रगति प्रतिफल उपलब्धी समस्या र चुनौति सहितका बिषयवस्तु समेटी सरोकारवाला व्यक्तीहरुको उपस्थितिमा गरीने छलफललाई समिक्षा भनिन्छ । संस्थागत रुपमा सञ्चालन भएका क्रियाकलापको आर्थिक एव भौतिक अवस्थाका बारेमा समय समयमा सरोकारवालाहरु बिच समिक्षा गरी पृष्ठपोषण प्राप्त गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा संस्थागत सुधारका उपायहरुको खोजि गरिन्छ । यस प्रकारका क्रियाकलापहरुको माध्यामबाट संस्थाले गरेका असल र प्रभावकारी सिकाइको प्रचार प्रसार गरी सिकाइ लाई आत्मसाथ गर्दै आइपरेका समस्याका बिषयमा छलफलका माध्यामबाट सुधारका लागि सल्लाह सुझाव प्राप्त गर्ने प्रक्रिया एवं माध्यामका रुपमा समिक्षा बैठकलाई लिइने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा ६ समिक्षा तथा मुल्याङकन सम्बन्धी व्यवस्था गरिएको छ । सोही व्यवस्था अनुसार यस नगरपालिकाको आ.व. ०८२/०८३ मा सम्पन्न गरिएका क्रियाकलापहरुको आर्थिक एंव भौतिक प्रगति सहितको बार्षिक समिक्षा बैठक आयोजना गरि कार्य सम्पादनमा भएका असल अभ्यास, सिकाइ, आइपरेका समस्या समाधानका उपाय र सुझावहरुलाई समेटी जैमिनी नगरपालिकाको कार्यपालिका का पदाधिकारीहरु सहित नगरपालिकाका सबै बिषयगत शाखा नगरस्थित बिषयगत कार्यालय र गैर सरकारी क्षेत्रका प्रमुख तथा प्रतिनिधी हरुको उपस्थितीमा छलफल गरी यो सम्पादन गरेका कार्य र बिषयवस्तु समेटी प्रतिवेदन तयार गरिएको छ ।

**२. प्रतिवेदनको उद्देश्य:**

**क.** नगरपालिका भित्र सञ्चालित सवै प्रकारका आयोजना कार्यक्रमबाट प्राप्त प्रतिफलको विश्लेषण गर्न सहयोग पुग्ने ।

**ख.** स्वीकृत आयोजना र कार्यक्रमहरुलाई समयमै सम्पन्न गराउन तथा सञ्चालनको क्रममा देखिएका त्रुटीहरुलाई सच्चाउन सहयोग हुने।

**ग.** आयोजनामा भएको खर्चको पारदर्शिता कायम राख्दै उपभोक्ताहरुमा अपनत्वको विकास गराइ दीगो आयोजना सञ्चालनमा सहयोग पुऱ्याउने।

**घ.** समिक्षाबाट प्राप्त पृष्ठपोषणलाई आगामी नीति तथा कार्यक्रमबाट बजेट कार्यान्वयनको सन्दर्भमा लागु गर्न सहयोग हुने ।

**३. प्रतिवेदनको अवधि:**

आ.व. २०८२/०८३ को बार्षिका अवधी

**४. समिक्षा बैठकको मिति:-**

२०८३ श्रावण २२ गते शुक्रबार

**५. समिक्षा बैठक सञ्चालनको विधि:**

सरोकारवालाहरु बीचमा भए गरेका सबै कार्यहरुको आर्थिक एव भौतिक प्रगति समस्या चुनौति र सुझावहरुको प्रस्तुति र छलफल ।

**६. सहभागी शाखा एंव बिषयगत कार्यालय र गैर सरकारी संस्थाहरु**

- **नगरपालिका अन्तरगतका बिषयगत शाखाहरु**

  क. योजना शाखा

  ख. पुर्वाधार विकास शाखा

  ग. शिक्षा युवा तथा खेलकूद शाखा

  घ. बालमैत्री शाखा

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२



CamScanner

ङ. स्वाथ्य शाखा
च. आर्थिक प्रशासन शाखा
छ. राजस्व शाखा
ज. जिन्सी शाखा
झ. आर्युवेद शाखा
ञ. कृषि शाखा
ट. पशु विकास शाखा
ठ. प्रशासन शाखा
ड. सूचना प्रविधी शाखा
ढ. कुश्मीशेरा प्राथमिक स्वाथ्य केन्द्र
ण. रोजगार शाखा
त. सामाजिक विकास शाखा
थ. पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा
द. वन वातावरण र विपद व्यवस्थापन शाखा
ध. लघु उद्धम विकास शाखा
न. सुरक्षित आप्रवासन कार्यक्रम
ऩ. न्यायिक समिति

- **विषयगत कार्यालय**

क. सब डिभिजन वन कार्यालय कुश्मीशेरा बागलुङ।

- **गैर सरकारी संस्थाहरु**

ख. सहारा युवा क्लव जैमिनी नगरपालिका
ग. महदिव्य कृषि तथा पशु पंक्षि फर्म
घ. गाजा डेभप्मेन्ट फाउण्डेसन बागलुङ

७. **नगरपालिकाको समग्र प्रगतिको साराशं**

**संचालित योजना तथा कार्यक्रम (शसर्त तथा निशर्त तर्फ) सारांश**

| क्र.सं. | विषयगत क्षेत्र | योजना/कार्यक्रम संख्या |
|---|---|---|
| १ | सामाजिक विकास | २५३ |
| २ | पुर्वाधार विकास | १६६ |
| ३ | वन वातावरण तथा विपद | ४० |
| ४ | आर्थिक विकास | ८८ |
| ५ | सुशासन तथा संस्थागत विकास | २१ |
| **जम्मा** | | ५६८ |



जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

**बोलपत्र/कोटेशन/उपभोक्ता समिति लाभग्राही समूहबाट सञ्चालित आयोजना/कार्यक्रमको कुल संख्या**

| जम्मा योजना/कार्यक्रम संख्या | कार्यान्वयन भएका योजना संख्या | कार्यान्वयन नभएका | उपभोक्ता समिति/लाभग्राही समूह/संस्था तथा अमानत बाट | कोटेशन बाट | बोलपत्र बाट |
|---|---|---|---|---|---|
| ५६८ | ५१६ | ५२ | २२३ | ३० | १२ |

**स्वीकृत योजना/कार्यक्रमहरुको एकमुष्ट प्रगतिको अवस्था**

| जम्मा स्वीकृत योजना/कार्यक्रम संख्या | १०० % प्रगति | औषत प्रगति (७४ %) | शुन्य प्रतिशत प्रगति (० %) |
|---|---|---|---|
| ५६८ | २९५ | २२६ | ४७ |
| नगरपालिकाको प्रशासकिय भवनको मुल्याङ्कन अनुसार भएको प्रगति ५९% | | | |

**उपभोक्ता समिति तथा लाभाग्राहि समूहबाट सञ्चालित योजना/कार्यक्रमहरुको समग्र तालिका (निशर्त तर्फ)**

| सि नं | विषय क्षेत्र | संचालित कार्यक्रम तथा योजनाको संख्या | बार्षिक लक्ष्य | | | | बार्षिक प्रगति | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लगत अनुमान | विनयोजित बजेट | जन सहभागिता रु | प्रगति प्रतिशत | कार्यको मूल्याङ्कन अंक | खर्च भएको अनुदान रु | जन सहभागिता रु | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत | |
| १ | सामाजिक विकास | १७१ | ४०४८६९६२ | ३९०१७६७३ | १५३७८२९ | १०० | ३६४२२३५८ | ३५००७१०८ | १४०३८३१ | ९० | ९० | |
| २ | पुर्वाधार विकास | १५१ | ४९९५८४९८ | ४५४८०६४३ | ४४७७८५५ | १०० | ४२२६३५९२ | ३७८४५५३३ | ४४१८०५९ | ८५ | ८३ | |
| ३ | वन वातावरण तथा विपद | ३८ | ४४७९७११ | ४१८९४७७ | २९०२३४ | १०० | २९९२९८६ | २७०१२७७ | २९१७०९ | ६७ | ६४ | |
| ४ | आर्थिक विकास | ६२ | १५०९६६९५ | १३६९३२८० | १४०३४१५ | १०० | ११७५०३९६ | १०८००४८० | ९४९९१६ | ७८ | ७९ | |
| ५ | सुशासन तथा संस्थागत विकास | १७ | ३०४९००० | ३०४९००० | ० | १०० | २१२९११० | २१२९११० | ० | ७० | ७० | |
| जम्मा | | ४३९ | ११३०७०८६६ | १०५४३००७३ | ७६४०७९३ | १०० | ९५५५८४४१ | ८८४८३५०७ | ७०६३५१५ | ८५ | ८४ | |

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२



CamScanner

## शसर्त तर्फ सञ्चालित योजना/कार्यक्रमहरुको समग्र तालिका

| सि नं | बिषय क्षेत्र | संचालित कार्यक्रम तथा योजनाको संख्या | वार्षिक लक्ष्य | | | | सम्झौता रकम | वार्षिक प्रगति | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागत अनुमान | विनयोजित बजेट | जन सहभागिता रु | प्रगति प्रतिशत | | कार्यको मूल्याङ्कन अंक | खर्च भएको अनुदान रु | जन सहभागिता रु | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत |
| १ | सामाजिक विकास | ६८ | ६०३५९२०१ | ६०६८९२४२ | ० | १०० | १३८१७९११ | ४८०६०३०० | ४८०६०३०० | ० | ८० | ७९ |
| २ | पुर्वाधार विकास | ९ | ६१६६५२५३ | ६११०००००० | ० | १०० | ४२५०१६९६ | २५९१२०९७ | २५९१२०९७ | ० | ६२ | ६२ |
| ३ | वन वातावरण तथा विपद | ० | ० | ० | ० | १०० | ० | ० | ० | ० | ० | ० |
| ४ | आर्थिक विकास | २२ | १३७८१२८० | १०९८५००० | १०९८५००० | १०० | ० | ९८२११४७ | ६६२६१६६ | ३११४९८१ | ७१ | ६० |
| ५ | सुशासन तथा संस्थागत विकास | ० | ० | ० | ० | १०० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ९९ | १३५८०५७३५ | १३३५७४२४२ | १०९८५००० | ५०० | ५६३११६८७ | ८३८७३५४४ | ८०६७८५६३ | ३११४९८१ | ६२ | ६० |

## भौतिक पुर्वाधार बाहेकका विषयगत क्षेत्रमा सञ्चालित कार्यक्रमको विवरण

| कार्यक्रमको विषयक्षेत्र | | जम्मा कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| शिक्षा तर्फ | | ३४ | २७२६५४८९ |
| खेलकुद विकास | | ५ | ३२३६००० |
| स्वास्थ्य तथा आयुर्वेद | | ३१ | ६८४६९९३ |
| कृषि तथा पशु विकास कार्यक्रम तर्फ | | ४७ | १२७८५७७२ |
| आयमुलक तथा सिपमुलक कार्यक्रम | | ५ | ४१०००० |
| शसक्तिकरण तथा क्षमता विकास | | ९ | १३४४२०० |
| स्थानीय कला संस्कृति संरक्षण | | ३ | ३०५००० |
| लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | | १३ | ११६५००१ |
| खरका छाना विस्थापन कार्यक्रम/घर विहिनहरुका लागि आवास निर्माण कार्यक्रम | | २ | २२४३३०१ |
| बालमैत्री स्थानीय शासन कार्यक्रम | | ४४ | १६२५३३८८ |

## जैमिनी नगरपालिकाको कुल भौतिक र वित्तिय प्रगति विवरण (योजना कार्यक्रम तर्फ)

| | |
|---|---|
| कुल भौतिक प्रगति | ७४ |
| कुल वित्तिय प्रगति | ७३ |
| कुल औषत प्रगति | ७४ |



जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२

### जैमिनी नगरपालिकाको कुल चालु र पूँजिगत प्रगति प्रतिशत

| | |
|---|---|
| कुल चालु प्रगति प्रतिशत | ८७.८७ |
| कुल पुँजिगत प्रगति प्रतिशत | ५४.७९ |
| कुल औषत प्रगति | ७८.०८ |

### जैमिनी नगरपालिकाको आन्तरिक आय अनुमान र प्रगती:

| क्र.सं. | विवरण | २०८२।०८३ को प्रस्तावित आय | २०८२।०८३ को यथार्थ आय |
|---|---|---|---|
| २ | आन्तरिक आय | १,३१,००,००० | १,१८,८०,५६० |
| ३ | स्थानीय राजश्व बाँडफाँडबाट प्राप्त आन्तरिक आय | २०,५०,००० | ९,९५,७०१ |
| जम्मा | | १५१५०००० | १२८७६२६१ |

### आ व २०८२।०८३ मा सम्पादन गरिएका पुर्वाधार तर्फको मुख्य उपलब्धीहरु:

| विवरण | कामको प्रकृति | इकाइ | परीमाण |
|---|---|---|---|
| सडक निर्माण सुधार | नया ट्र्याक | कि.मी. | ५.२९ |
| | मर्मत | कि.मी. | ९३ |
| | तार जाली | घ.मी. | ९८३ |
| | पक्की नाली | मी. | ९०८ |
| | कच्ची नाली | मी. | १०३४ |
| | ढलान | मी. | ८२५ |
| | सोलिङ | घ.मी. | १७७ |
| | टेवा पर्खाल | घ.मी. | ७७३ |
| | विविधि | संख्या | ७८१ |
| सिंचाई निर्माण सुधार | पककी कुलो | मि. | १४८८ |
| | कच्ची कुलो | मि. | १२० |
| | पाइप व्यवस्थापन | मि. | ६४० |
| | पोखरी निर्माण | संख्या | ४ |



जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ

CamScanner

| | | | |
|---|---|---|---|
| भवन | नयाँ | संख्या | १२ |
| | मर्मत | संख्या | ४० |
| | भवन घेराबार | मि. | १५२ |
| पदमार्ग | पि.सी.सि. ढलान | मि. | ११५६ |
| | नयाँ | मि. | १२०२ |
| | मर्मत | मि. | १४७१ |
| खानेपानी | मुहान मर्मत सुधार | संख्या | १३ |
| | रिजर्भवायर ट्याङ्की | संख्या | ५ |
| | पाइपलाई | मि. | ७५१० |
| | धार निर्माण | संख्या | २५ |
| | धारा मर्मत | संख्या | ६ |
| खेलमैदान | नयाँ | संख्या | १ |
| | मर्मत | संख्या | ३ |
| शौचालय | नयाँ | संख्या | १० |
| | मर्मत | संख्या | १० |
| मन्दिर मर्मत | मर्मत | संख्या | २ |
| विविध | (प्रतिक्षालय, स्टेज निर्माण, ग्याविन वाल आदि) | संख्या | ५२ |
| | ग्याविन बक्स खरिद | संख्या | ९६ |

**जैमिनी नगरपालिकाबाट शशर्त तथा निशर्त तर्फ गैर पूर्वाधार क्षेत्रमा सञ्चालित सबै कार्यक्रमहरुको समष्टीगत प्रगति:**

| क्र.सं. | सम्पादित कार्यक्रमको विषय क्षेत्र | सञ्चालित कार्यक्रम संख्या | खर्च रकम रु. | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १ | शिक्षा तथा खेलकुद (कार्यक्रम तर्फ) | ३९ | ३०५०१४८९ | ४४०० |

**उपलब्धीहरु**

- नगर शिक्षा योजना निर्माण
- विद्यालय समायोजन र दरबन्दी मिलान
- शिक्षक विद्यार्थी र सिकाई उप्रेरणा
- विद्यार्थीको वसाई व्यवस्थापन
- पिउनेपानी उपलब्धता
- दिवा खाजा व्यवस्थापन
- शिक्षण सिकाइमा सरलता तथ्याङ्कको सहज उपलब्धता
- विद्यालय तथा कक्षा कोठा मर्मत र व्यवस्थापन
- प्राविधीक धार विद्यालय सञ्चालन
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण
- लिड विद्यालय व्यवस्थापन ।



जैमिनी नगरपालिका ... नगरपालिकाको कार्यालय बागलुङ

<table>
<tr><td colspan="3">

- शैक्षिक सामाग्रीको प्रयोग
- शिक्षकको क्षमता अभिवृद्धि सुचना र सञ्चारको प्रयोग

</td><td colspan="2">

- स्थानिय स्तरमा खेलकुद कार्यक्रमहरुको विकास
- खेलाडिहरुमा खेलप्रतिको उत्प्रेरणा विकास
- स्थानीय स्तरमा खेलकुद कार्यक्रमको विकास

</td></tr>
<tr><td>२</td><td>बालमैत्री स्थानीय शासन कार्यक्रम</td><td>४४</td><td>१६२५३३८८</td><td>१००००</td></tr>
<tr><td colspan="5">उपलब्धीहरु</td></tr>
<tr><td colspan="3">

- बालश्रम, सडक बालबालिका र बालबिबाह मुक्त वडा र नगर घोषणा
- बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा
- बालमैत्री स्थानीय शासनका सूचकहरुलाई निरन्तरता

</td><td colspan="2">

- स्थानिय स्तरमा बालमैत्री स्थानीय शासनका सूचकहरुको कार्यान्वयन र अपनत्वको विकास
- दिगोपनाको लागि बजेट बिनियोजन र जनशक्तिको व्यवस्थापन

</td></tr>
<tr><td>३</td><td>कृषि तथा पशु विकास कार्यक्रम तर्फ</td><td>४७</td><td>१२७८५७७२</td><td>१३०००</td></tr>
<tr><td colspan="5">उपलब्धीहरु</td></tr>
<tr><td colspan="3">

- कृषकहरूमा ज्ञान र सिपको विकास तथा व्यवाहारिक ज्ञानको प्रयोग
- घाँसको व्यवस्थापन तथा दुध, मासु र अन्डा उत्पादनमा वृद्दि
- माटोको नमुना परीक्षण  कृषकहरूको क्षमता अभिवृद्धिमा सहयोग
- तरकारीहरु, मसलाबाली, डालेघाँसहरुको उत्पानमा तथा उत्पादक्तवमा वृद्धि
- ।

</td><td colspan="2">

- कृषि उपज बजारीकरणका लागि कृषि एम्बुलेन्सको व्यवस्थापन
- कृषि नमुना प्रविधि हस्तान्तरण, आकश्मिक रोग नियन्त्रण मा सहयोग
- नियमित गोबर परिक्षण तथा उपचार सेवा
- केरा र सुन्तला पकेट क्षेत्र विस्तार
- ३४०९ किसान किसान सूचिकरण प्रणालीमा सुचिकृत

</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य क्षेत्र (एलोपेथिक तथा आयुर्वेदिक)</td><td>३१</td><td>६८४६९९३</td><td>२२६०१</td></tr>
<tr><td colspan="5">उपलब्धीहरु</td></tr>
<tr><td colspan="3">

- लाभान्वित, स्तनपायी आमा तथा जेष्ठ नागरिकको स्वास्थ्य प्रबर्धन कार्यक्रम अन्तरगत -६३०जना लाभान्वित
- पुर्बकर्म आबस्यक बिरामीको स्वास्थ्य सेवा अन्तरगत - ५७३जनाले सेवा प्राप्त गरेको

</td><td colspan="2">

- वर्षभरि ४०३८७ जना सेवाग्राहीले सेवा लिएका पालिकाभर बहिरङ्ग सेवा लिएका
- नगरपालिका भरी २३२ जना बालबालिकापुर्ण खोप तथा १६० जना किशोरीलाई HPV खोप प्रदान गरिएको

</td></tr>
</table>



जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७२

CamScanner

<table>
<tr><td colspan="3">

- अत्याबस्यक आयुर्वेद औषधीको उपलब्धता सुनिस्चितता भयको-३६५७ जनाले बहिरंग सेवा प्राप्त गरेका
- बिधालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत १८ विधालयका शिक्षकहरुलाई अभिमुखीकरण गरियको
- नागरिक आरोग्य अभियान तथा १५ दिवसीय योग शिबिर संचालन गरिएको
- आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता गरिएको

</td><td colspan="2">

- ८१ जना दीर्घरोगका बिरामीहरुलाई उपचार खर्च उपलब्ध गराईएको, पोषण कार्यक्रम अन्तर्गत ८८६ जना बालबालिकामा पोषण लेखाजोखा गरिएको
- ० वर्षभन्दा माथिका कुल २१६४ जना व्यक्तिहरू को नसर्ने रोगको स्कृनिङ गरिएको
- ५८ जना गर्भवती महिलाको ग्रामिण भिडियो x-ray सेवा प्रदान

</td></tr>
<tr><td>५</td><td>आयमुलक सिपमुलक/शसक्तिकरण एंव लै.स.सा.स क्षेत्र/खरका छाना विस्थापन</td><td>३२</td><td>५४६७५०२</td><td>५२११</td></tr>
<tr><td colspan="5">उपलब्धीहरु:-</td></tr>
<tr><td colspan="3">

- आम्दानी वृद्धिमा सहयोग , समयको सदुपयोग , सिपको विकास , रोजगारीको सिर्जना, क्षमता अभिवृद्धि
- चेतनाको विकास, ज्ञान र सिप र पहुँच अभिवृद्धि, समान भावनाको विकास, अधिकारको खोजी, सकारात्मक सोचको विकास, स्थानिय स्तरमा हुने विवादहरुको मेलमिलापका माध्यामबाट समाधान गर्न सहजता सूचना सम्प्रेषणमा सहयोग
- कला र संस्कृतीको संरक्षणमा सहयोग , व्यापार प्रवर्द्धनमा सहयोग

</td><td colspan="2">

- जातिय विभेद सम्बन्धि चेतनाको विकास, लैङ्गिक हिम्सा विरुद्धको अधियानमा सहयोग, दलित जनजातीहरुको क्षमता अभिवृद्धि र लोकसेवामा सफलता।
- ८ घरबार विहिनहरुलाई घर निर्माण र ५ वटा खर/फुसका छाना विस्थापन गरी टिनका छानाद्धरा निर्माण

</td></tr>
<tr><td>६</td><td>शुसासन प्रवर्धन कार्यक्रम</td><td>१२</td><td>१६९०८६४</td><td>१२०००</td></tr>
<tr><td colspan="5">उपलब्धीहरु:-</td></tr>
<tr><td colspan="5">

- समयमै स्वीकृत कार्यक्रम कार्यन्वयनमा सहजता
- सम्पादित कार्यहरूको प्रचारप्रसार तथा पृष्ठपोषण प्राप्ती
- जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास
- खर्च र उपल्ब्धीहरूको सार्वजनिक परीक्षण तथा पृष्ठपोषण
- कार्यालयको दरबन्दी पुनरावलोकन तथा कर्मचारी व्यवस्थापन
- भिडियो डकुमेन्ट्री तयार
- सेवा प्रवाहमा सहजता

</td></tr>
</table>



जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

| | | | | |
|---|---|---|---|---|
| ७ | **राष्ट्रिय रोजगार प्रवद्धन कार्यक्रम** | ६ | ४९१३२४ | ३६२ |
| उपलब्धीहरु:- | • न्यूनतम रोजगारीमा सहयोग।<br>• रोजगरीको अवस्था विश्लेशण।<br>• वैदेशिका रोजगारीबाट फर्किएर र पेशा व्यवसाय गरेकाव्यक्तिलाई सम्मान।<br>• सिप पर्माणिकरणमा सहयोग।<br>• जनरल कुक तालिम सञ्चालन। | | | |
| ८ | **श्रम स्वीकृति सम्बन्धी सहजिकरण** | ६ | ० | १० |
| उपलब्धीहरु:- | • व्वयक्तिगत श्रमस्वीकृतिका लागि सहजता। | | | |
| ९ | **वैदेशिक रोजगार वोर्डको कल्याणकारी कार्य/कन्सुलर सेवा विभागको सेवा सहजिकरण** | ९ | ० | ४५ |
| उपलब्धीहरु:- | • छात्रवृत्ती सम्बन्धी सम्बन्धी सूचना प्रवाह र प्राप्ती।<br>• बैदेशिक रोजगारमा मृत्यु तथा अङ्गभङ्ग भएका व्यवक्तिहरूका लगि आर्थिक सहायता।<br>• बैदेशिक रोजगारमा मृत्यु भएका व्यक्तिहरूको शव नेपाल झिकाउने कार्यमा व्यवस्थापन सहजिकरण। | | | |
| १० | **सुरक्षित आप्रवासन कार्यक्रम(सामी)** | ५ | ६२४३२८ | ४००० |
| उपलब्धीहरु:- | • बैदेशिक रोजगारी सम्बन्धी सूचनामा पहुँच।<br>• राहत उद्दारमा सहयोग।<br>• प्राप्त रेमिटान्सको उचित सदुपयोग।<br>• तनाव व्यवस्थापन सहजिकरण।<br>• परामर्श तथा उपचार सेवा प्राप्ति। | | | |

८. **प्रमुख समस्याहरू:**

- केहि आयोजनाहरुमा निर्माण सामाग्रीमा तोकिएको गुणस्तर नपाइएको।
- अदृश्य रुपमा काम सम्पन्न गर्न जिम्मा लगाइने प्रवृति देखिएको।
- प्राविधिक राय सुझाव विना नै काम शुरु गर्ने गरेको।
- लागत अनुमान भन्दा भिन्न परिमाण र डिजाइनमा काम गरेको।
- पूर्वाधार निर्माणको काममा दक्ष जनशक्तिको अभाव देखिएको।
- जूनोटिक रोगको जोखिम बढिरहेको।

- प्राविधिक जनशक्तिको कमि
- महालेखा नियन्त्रक कार्यालयबाट संचालित Sutra revenue module मा पटक पटक देखिने सर्भर तथा प्रणालिको समस्याले गर्दा कर संकलनमा असहजता।
- राजश्व प्रशासन सम्बन्धी दक्ष जनशक्तिको अभाव।
- वडा कार्यालयमा राजश्व संकलनको लागि वैकल्पिक व्यवस्था नहुँदा एउटै कर्मचारी (वडा सचिवमा) भर पर्नुपर्ने अवस्था।
- कतिपय वडाहरुमा खानेपानीको न्यून उपलब्धता रहेको र पानिका श्रोतहरु नै न्यून संख्यामा रहेकाले खानेपानीको उपलब्धता पर्याप्त हुन नसकेको
- शिक्षा सम्बन्धी ऐन, नियमावली, कार्यविधी र अध्यादेश बीच दोहोरोपना, निष्कृयता लगायतका कारण कार्यान्वयनमा सहजता नहुने।
- नगरपालिकाको प्रशासकिय भवन निर्माण सम्पन्न नहुँदा आर्थिक दायित्व बढिरहेको
- संघीय र प्रदेश समपुरक लगायत केहि आयोजनाहरुमा तोकिए बमोजिम कामको प्रगति नहुँदा पुँजिगत प्रगति न्युन देखिएको।

९. चुनौतीहरू:

- नगरपालिकाको आन्तरिक आय न्यून हुनु।
- आन्तरिक श्रोतबाट मात्र चालु खर्च व्यवस्थापनमा कठिनाई हुनु।
- भौगोलिक विकटताले विकास निर्माणका कार्यहरू मंहगो हुन जानु।
- बसाईसराइ र वैदेशिक रोजगारीको कारण श्रम शक्तिको न्यूनता बढ्दै जानु।
- उत्पादन लागत उच्च तथा यान्त्रीकरणमा कठिनाइ।
- बाँदर, साह्रो लगायत वन्यजन्तुबाट बालीमा हुने क्षति।
- कृषि श्रमिक अभाव (बसाईसराई तथा वैदेशिक रोजगारी)।
- कृषि क्षेत्रमा जलवायु परिवर्तनका असर (अनियमित वर्षा, रोग-कीरा प्रकोप आदि)।
- पूर्ण रुपमा बालविवाह रोकथाम र कार्यान्वयनमा कठिनाई।

१०. सुझावहरू:

- ➢ सबै स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्ड लागु गर्नुपर्ने
- ➢ न्युन प्रगति भएका कार्यक्रमको समिक्षा गरी सुक्ष्म योजना तयार गरी लागु गर्ने
- ➢ रिक्त पदहरु निर्धारीत समय तालिका बनाई पदपुर्ति गर्ने
- ➢ विकासका गतिविधिहरूमा सबै सरोकारवालाहरुको अपनत्व कायम गर्नुपर्ने



मैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

CamScanner

- सवै वडाहरुमा वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन गरी समिक्षा गर्ने, माइन्यूट गर्ने र नगरस्तरीय अनुगमन समितिलाई प्रतिवेदन परिपाटीलाई कार्यान्वयनमा ल्याउनुपर्ने।
- पूर्वाधार निर्माण दक्ष जनशक्तिको अभाव देखिएको हुदाँ सबै वडाबाट निर्माण कार्यसँग सम्बन्धित व्यक्तिहरुलाई यस सम्बन्धी तालिम सञ्चालन हुनुपर्ने।
- स्थानीय तहबाट जुटाइने सहभागितालाई प्रभावकारी परिचालन गराउन जनप्रतिनिधिहरुबाट नै कार्य शुरु गरी थप उत्साहित गराउन सकिने।
- सरकारी र गैरसरकारी निकायबाट वडा स्तरमा सञ्चालन भएका आयोजना/कार्यक्रमको वडास्तरीय अनुगमन समितिले समेत अनुगमन गरी जानकारी गराउनुपर्ने।
- पूर्वाधार निर्माणको क्रममा उपभोक्ता समिति र निर्माण व्यवसायीलाई निर्माण सामग्री महङ्गो पर्न गएको देखिएकोले स्थानीय स्तरबाट गिट्टीढुङ्गा, वालुवा व्यवस्थापन गर्न आवश्यक सहजीकरण हुनुपर्ने।
- निर्माण भईसकेका संरचनाहरु सडक, खानेपानी, सिँचाई आदिमा अर्को योजना निर्माण गर्दा क्षति पुग्ने तथा सडकमा कच्ची नाली र भल व्यवस्थापन राम्रो नभएकोले वर्षातको समय सडक अवरुद्द हुने हुदाँ सडक वडागत मर्मत सुधार कोषबाट सडक हेरालु राख्ने व्यवस्थाको प्रभावकारी कार्यान्वियन गरिनु पर्ने।
- **सुन्तला, किवी, केरा, अदुवा, बेसार, टिमुर, मौरीपालन** जस्ता उच्च मूल्यका बाली विस्तारमा ध्यान दिनुपर्ने।
- किसान समूह, सहकारी तथा कृषि फर्मसँगको सहकार्य विस्तार गर्दै जानुपर्ने।
- कृषि पर्यटन, फलफूल पकेट, रैथाने बाली तथा मौरीपालनमार्फत रोजगारी सिर्जना गर्ने कार्यहरूमा थप जोड दिनुपर्ने।
- **बाख्रा पालन, दुध उत्पादन व्यवशायलाई थप प्रवर्द्धन गर्दै लैजानुपर्ने।**
- स्वास्थ्य केन्द्र| स्वास्थ्य चौकीमा सबै प्रकारका औषधिहरू विमा सुविधामा उपलब्ध हुने पर्ने।
- किसान सूचिकरण गर्ने कार्य समयमै सम्पन्न गर्नु पर्ने।
- माटो परीक्षण र सोको प्रतिवेदनको आधारमा खेति गर्न प्रोत्साहन गर्नुपर्ने।
- चौमासिक अवधिमा घनिवत रुपमा समिक्षा सञ्चालन गर्नुपर्ने।
- जलवायु परिवर्तनले पारेको असरलाई ध्यान दिदै खेतिमा परिवर्तनको खोजि गर्नुपर्ने।
- विदाको समयमा समेत स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने सेवा थप नियमित र व्यवस्थित हुनु पर्ने।
- प्रविधिमैत्री सेवामा जोड दिदै आन्तरिक नियन्त्रण प्रणालिलाई मजवुत बनाउनुपर्ने।
- स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीमा बिमाको सबै औषधीहरु प्राप्त हुनुपर्ने।
- चितुवाले खोलमा बाख्रा मार्दा पाउने राहात जंगलमा मार्दा समेत पाउने व्यवस्था हुँदा राम्रो हुने।
- किसान सूचिकरण गर्ने कार्य समयमै सम्पन्न गर्नुपर्ने।
- माटो परिक्षण र सोको प्रतिवेदनको आधारमा खेती गर्न प्रोत्सहान गर्नुपर्ने।
- समिक्षा, चौमासिक रुपमा घनिभुत छलफल गरी अगाडी जानुपर्ने।
- कर्मचारी/जनप्रतिनिधीहरुको समन्वय थप प्रगाढ बनाउँदै जैमिनीको विकासमा लाग्नुपर्ने।
- जलवायु परिवर्तनले वडा नं. ३ मा आलु खेतिलाई प्रत्यक्ष प्रभावित गरेको छ। थप अध्ययन गरी खेति प्रणालीमा सुधार गर्न ध्यान दिनुपर्ने।



जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

CamScanner

- विदाको समयमा स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने सेवालाई थप व्यवस्थित गर्नुपर्ने।
- Right Man in Right Place को अवधारणामा सँगै प्रविधीमैत्री सेवामा जोड दिनुपर्न।
- खरिद प्रक्रिया सकभर टुक्रा नगरी समग्रतामा गराउँदा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत गराउन सकिन्छ।

## ११.आ.व. ०८२/०८३ मा गरिएका मुख्य मुख्य असल अभ्यास तथा उदाहरणीय कार्यहरु:-

- राजश्व सुधार रणनीतिले दिएको सुझाव अनुसार राजश्व क्षेत्रको पहिचान गर्दै कार्यान्वयन गर्ने प्रयास गर्ने गरिएको।
- सबै वडा र नगरपालिकाबाट राजश्व संकलनका लागि तयार गरिएको SUTRA(Revenue Module) पूर्ण रूपमा कार्यान्वयन लाईएको।
- राष्ट्रको ३०औँ स्थानिय तहको रुपमा बालमैत्री स्थानीय शाषनयुक्त नगरपालिका घोषणा गर्न सकिएको।
- उपभोक्ता समिति/समूह र संस्थाबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएका सबै आयोजना/कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न भई जाँचपास र फरफारक गरिएको।
- सरकारी तथा गैरसरकारी क्षेत्रको समन्वयमा नगरपालिकाका विभिन्न स्थानमा स्वास्थ्य उपचार शिविर सञ्चालन गरिएको
- नगरपालिकाका सबै वडा र स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिर व्यवस्थापन गरिएको।
- जैमिनी नागरिक स्वास्थ्य उपचार कोषलाई अभिवृद्धि गर्दै लगिएको।
- आन्तरिक आयका स्रोत कर, सेवा शुल्क दस्तुरलाई राजश्व सफ्टवेयर प्रणाली संग आवद्ध गरिएको।
- वेरुजुको लगत घटाउने कार्यलाई थप व्यवस्थित गर्दै लगिएको।

## १२.निश्कर्ष:

नागरिकले पाउनुपर्ने सेवा, सुविधालाई नजिकैको इकाईबाट सहज रुपमा प्राप्त हुन सकोस भन्ने मुल उद्देश्यले स्थानीय तहहरुको गठन भई सेवा प्रवाह भइरहेको छ। तोकिएको ऐन, कानुन, कार्यविधि र शर्तहरुको सीमाभित्र रही स्थानीय तहबाट प्रवाह गरिएका सबै प्रकारका सेवा सुविधाहरुमा नागरिकहरुले प्रश्न उठाउने, गुनासो राख्ने, सुझाव दिनुले उनीहरुको अधिकार पनि हो। जसले स्थानीय तहलाई अझै परिष्कृत भई अगाडि बढ्न सहयोग पुग्दछ।स्थानीय तहबाट सम्पादित सेवाको प्रभावकारीता सम्पन्न पुर्वाधारहरुको दिगोपना, लगानीको मितव्ययीता र पारदर्शिता कायम गर्दै नागरिक प्रतिको उत्तरदायित्व वहन गर्ने कार्यलाई सफल पार्न समिक्षा बैठक महत्वपूर्ण औजार हो। आर्थिक बर्ष ०८२/८३ को बार्षिक अवधिमा नगरपालिका बिषयगत कार्यालय र गैर सरकारी क्षेत्रबाट भएका सबै गतिविधिहरु, प्राप्त सिकाई र अनुभवलाई आगामी दिनको थप परिष्कृत गर्दै लागु गर्ने प्रयास गरिनेछ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३



CamScanner

आज मिति २०८३ साल श्रावण २२ गतेका दिन जैमिनी नगरपालिका बगाल्दुङका नगर प्रमुख श्री नरबहादुर पुनज्यूको अध्यक्षतामा जैमिनी नगरपालिका बाट आ.व. २०८२/०८३ मा संचालित सबै योजना कार्यक्रमहरूको समिक्षा गर्न बसेको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ।

उपस्थिति

१. श्री नरबहादुर पुन - नगर प्रमुख / अध्यक्षता जैमपा
२. श्री हरिहर शर्मा - नगर - उप-प्रमुख
३. श्री रमेश पाण्डेय - प्रमुख प्रशासकीय अधिकृत
४. श्री विष्णुप्रसाद आचार्य - वडा नं १, वडा अध्यक्ष
५. श्री प्रेम सापकोटा - वडा अध्यक्ष वडा नं २
६. श्री कृष्ण बहादुर भुजेल - वडा अध्यक्ष वडा नं ३
७. श्री चक्र बहादुर थापा - " " " ४
८. श्री छत्र बहादुर क्षेत्री थापा - " " " ५
९. श्री कृष्ण बहादुर थापा - " " " ६
१०. श्री केन्द्र बहादुर सुनार - " " " ७
११. श्री विमल श्रीस राना - " " " ८
१२. श्री सहदेव थापा - " " " ९
१३. श्री श्रीप्रसाद थापा - " " " १०
१४. श्री लालबहादुर परीयार - कार्यपालिका सदस्य
१५. श्री भगवती शर्मा सापकोटा - " "
१६. श्री शान्तकला शर्मा - " "
१७. श्री गीताकुमारी वि.क. - " "
१८. श्री चिन्तामणी दर्जि - " "
१९. श्री दुर्गादेवी पाध्या - " "
२०. श्री शान्ति सुनार - " " आमन्त्रित

नगरपालिका कार्यालयको तर्फबाट शाखा प्रमुख एवं कर्मचारीहरू
१. श्री प्रेम प्रसाद सापकोटा - प्रशासकीय अधिकृत
२. श्री डा. भविमप्रसाद शर्मा - पशु. स्वा. निरिक्षक
३. श्री सुवास सापकोटा - कृषि अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७२

४. श्री मिरादेवी शर्मा - शिक्षा अधिकृत
५. श्री शिवराज बराल - इन्जिनियर
६. श्री अम्बिका लामिछाने - लेखा अधिकृत
७. श्री ललिता पुन - स. प्रशासन अधिकृत
८. श्री विवेक थापा मगर - सूचना प्रविधि अधिकृत
९. श्री सुरेश पुन - रोजगार संयोजक
१०. श्री पृथ्वी बहादुर थापा - प. प्रशासन सहायक
११. श्री तारा प्रसाद पौडेल - एम आई एस अपरेटर
१२. श्री देवी बिक सुनार - म. वि निरिक्षक
१३. श्री भगवती चपाई - स. लेखा अधिकृत
१४. श्री मनोज शर्मा - कम्प्युटर अपरेटर
१५. श्री सुनिता देवी शर्मा - मनोपरामर्शकर्ता
१६. श्री रिता अर्याल - वित्तिय साक्षरता सहजकर्ता
१७. श्री विनिता शर्मा - न्यायिक सहजकर्ता
१८ श्री तिर्थराज पौडेल - स्वास्थ्य शाखा प्रमुख
१९. श्री गणेश पौडेल - ज. स्वा ~~निरिक्षक~~ अधिकृत
२०. श्री डा. राजकुमार चौचागी - मेडिकल अधिकृत
२१. श्री विदुर शर्मा - ज. स्वा. नि
२२. श्री निशा आले - प. हे. नर्स
२१. श्री रेनुका देवी शर्मा - MIS field operator
२२. श्री अनिला भुवांजी - स. शिक्षा अधिकृत
२३. श्री मन बहादुर ~~थापा~~ राना :- उद्यम विकास सहजकर्ता
२४. श्री विमल पौडेल :- नगर बालमैत्री सहजकर्ता
२५. श्री गोविन्दराज पौडेल :- वैद्य निरिक्षक
२६. श्री मिलन थापा :- सब- इन्जिनियर
२७. श्री कृष्ण प्रसाद ढकाल - पशुस्वा अधिकृत

विषयगत कार्यालय
अन्य संघ संस्था / गै. स. स

१. विजय सुनार (वन अधिकृत) सब-डिभिजन वन कार्यालय जैमिनी
२. विदुर पौडेल (फरेस्टर) ''
३. रूपा शर्मा (महाशिवाय पशु तथा पंक्षी विकास कार्य व्यवस्थापक)

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२

४. विष्णु सुवेदी, सम्बोधन परियोजना, NGDF
५. सुजन पौडेल, सम्बोधन परियोजना, NGDF
६. जानिता श्रीस सम्बोधन परियोजना NGDF (सा.प)

गैरसरकारी संस्था
→ ओमकार थापा सहारा क्लब प्रतिनिधि
→ रत्न बहादुर के.सि. सहारा क्लब प्रतिनिधि

यज्ञनाथ शर्मा, कार्यालय सहयोगी जै.न.पा.
लोकनाथ आचार्य ,, ,,

## समीक्षा बैठकका निर्णयहरु

**निर्णय नं. १**
जैमिनी नगरपालिकाको वार्षिक प्रगति समीक्षा (आ.व. ०८१।८२) बैठक नगर प्रमुख नर बहादुर पुन को अध्यक्षता तथा नगर उपप्रमुख हरिहर शर्मा, प्र.प्र.अ. रमेश पाण्डेय र कार्यपालिका सदस्यहरु, नगरपालिका स्थित सबै शाखाका प्रमुख तथा प्रतिनिधी, विषयगत कार्यालय (सब डिभिजन वन कार्यालय कुश्मीसेरा), गैर सरकारी क्षेत्रका प्रतिनिधीहरु समेतको उपस्थितीमा सम्पन्न गरियो।

**निर्णय नं. २**
समीक्षा बैठकको संयोजन प्रशासकीय अधिकृत प्रेम प्रसाद सापकोटा ले गर्नुभयो भने कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य प्रमुख प्रशासकीय अधिकृत रमेश पाण्डेय ज्यू बाट भएको थियो।

**निर्णय नं. ३**
समीक्षा बैठकमा नगरपालिकाको समग्र प्रगति को सारांश योजना शाखाबाट प्रस्तुत भयो। यसैगरी नगरपालिकाका सबै शाखाहरु बाट आ.व. ०८१।८२ वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयनको अवस्था, भौतिक तथा वित्तिय प्रगतिको अवस्था, कार्यान्वयनको क्रममा देखिएका देखिएका समस्या,

क्रमशः

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ

CamScanner

चुनौति र सुझावहरु समेत प्रस्तुत भयो।

निर्णय नं ४

समिक्षा बैठकमा जैमिनी नगरपालिका भित्र आ.व. ०८१।८२ मा कार्यक्रम सञ्चालन गरेका गैर सरकारी संस्थाहरु, सहारा युवा क्लब जैमिनी ५, महाशिला कृषि तथा पशुपंक्षी फर्म, जैमिनी ५, नाजा डेभलपमेन्ट फाउन्डेसन (NGDF) (जयन्त) बागलुङ, को तर्फबाट कार्यक्रमको प्रगति प्रस्तुत भई छलफल भयो। कार्यक्रममा उल्लेखित संस्थाहरुले आगामी दिनमा सञ्चालन गर्नुपर्ने गर्ने कार्यक्रमहरु, समन्वय गर्न सकिने क्षेत्र र कार्यक्रम को सम्भावना समेत छलफल भयो। साथै चालु वर्ष देखि जैमिनी नगरपालिकामा नेपाल स्वास्थ्य नागरिक (NEWA) को कार्यक्रमहरु लाई समेत सुधार का कार्यहरु गराउन समन्वय र सहकार्य गर्दै जाने भन्ने विषयमा समेत छलफल गरीयो।

निर्णय नं ५

समिक्षा बैठकमा सबै विषयगत शाखा, कार्यालय र गैर सरकारी क्षेत्रको समग्र प्रगति प्रतिवेदन को सन्दर्भमा व्यापक छलफल भई, उठेका विषय, सुझाव हरुको बारेमा सम्बन्धित शाखा प्रमुख, प्र.प्र.अ., नगर उपप्रमुख र नगर प्रमुख बाट सम्बोधन भएको थियो।

निर्णय नं ६

बैठकको अन्त्यमा उठेका सवाल, देखिएको अवस्था, भावि योजना समेत सकिकृत गर्दै प्रमुख प्रशासकीय अधिकृत रमेश पाण्डेय बाट, नगरको समग्र अवस्था, भावि रणनीति र कार्यक्रम समेत लाई प्रकाश पार्दै नगर उप-प्रमुख सिर्जना हरिहर शर्मा र आफ्नो भनाइ धन्यवाद सहित समीक्षा बैठकको समापन गरिएको थियो।

निर्णय नं ७

आजको समिक्षा बैठकमा पेश भएका विषयवस्तु समेटी दुई प्रतिवेदन तयार गर्ने निर्णय गरीयो।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२

CamScanner

## आ.ब. २०८२-०८३ को बार्षिक प्रगती समिक्षा प्रस्तुत गर्दै गरेको केहि तस्बिरहरू ।















